# सिद्ध कुमारव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ढोरचौर, सल्यान
## कर्णाली प्रदेश, नेपाल


प.स.२०८० । ८१
च.न.

**मिति २०८१/०१/२३ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा**
:

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयसँग योजना माग सम्बन्धमा ।
३. भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग योजना माग सम्बन्धमा ।
४. खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय सल्यानसँग योजना माग सम्बन्धमा ।
५. विद्यालयको फर्निचर सम्वन्धमा ।
६. आर्थिक सहायता सम्वन्धमा ।
७. लिफ्ट सिस्टम सम्वन्धमा ।
८. गापा शिक्षक अनुदान कोटा थप सम्वन्धमा ।
९. रकमान्तर सम्वन्धमा ।
१०. कार्यविधि स्वीकृत सम्वन्धमा ।
११. गाउँपालिका अध्यक्षको बैदेशिक भ्रमण स्वीकृत सम्बन्धमा ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८१/०१/११ गते बसेको गाउँ कार्यपालिकाको बाह्रौ बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयसँग योजना माग सम्बन्धमा ।**

**निर्णय नं २:**

यस सिद्ध कुमाख गाउँपालिकामा आव २०८१/८२ मा कर्णाली प्रदेश सरकार भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

| सि न | योजनाको नाम | ठेगाना | अनुमानित लागत |
|---|---|---|---|
| १ | ढोरचौर-फलाँटे-उचाल्ने-छापडाँडा सडक कालोपत्रे | सिद्ध कुमाख ३,४ र ५ सल्यान | ५ करोड |
| २ | त्रिवेणी मेलचौर-उपल्लो बाँझकाडा सडक स्तरोन्नती आयोजना | सिद्ध कुमाख १ सल्यान | १ करोड |
| ३ | त्रिवेणी-गोलटाकुरी टाकुरा सडक स्तरोन्नती आयोजना | सिद्ध कुमाख २ सल्यान | २ करोड |
| ४ | राम्री दह सडक निर्माण | सिद्ध कुमाख ५ सल्यान | २ करोड |
| ५ | पटारे-हम्पाल-बाघचौर जोड्ने सडक स्तरोन्नती आयोजना | सिद्ध कुमाख १ सल्यान | २ करोड |
| ६ | महेन्द्र आदर्श मावि भवन निर्माण | सिद्ध कुमाख १ सल्यान | ५० लाख |
| ७ | १ नं वडा कार्यालय भवन निर्माण | सिद्ध कुमाख १ सल्यान | १ करोड |
| ८ | नेरा मावि भवन निर्माण | सिद्ध कुमाख ५ सल्यान | ५० लाख |
| ९ | महेन्द्र आवि सालघारी भवन निर्माण | सिद्ध कुमाख २ सल्यान | ५० लाख |
| १० | नेरा मावि घेरबार योजना | सिद्ध कुमाख ५ सल्यान | १ करोड |

**प्रस्ताव नं ३ भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग योजना माग सम्बन्धमा ।**

**निर्णय नं ३:**

यस सिद्ध कुमाख गाउँपालिकामा आव २०८१/८२ मा कर्णाली प्रदेश सरकार भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

| सि न | योजनाको नाम | ठेगाना | अनुमानित लागत |
|---|---|---|---|
| १ | सित भण्डार गृह निर्माण | सिद्ध कुमाख ३ सल्यान | १ करोड |

| | | | |
|---|---|---|---|
| २ | कराने सिचाई कुलो निर्माण | सिद्ध कुमाख १ सल्यान | २० लाख |
| ३ | बिच सिचाई कुलो निर्माण | सिद्ध कुमाख २ सल्यान | २० लाख |
| ४ | बाउनी बज्यै सिचाई कुलो निर्माण | सिद्ध कुमाख ३ सल्यान | २० लाख |
| ५ | कजेरी खोला ढोरचौर सिचाई कुलो निर्माण | सिद्ध कुमाख ३ सल्यान | २० लाख |
| ६ | हात्तिजुर सिचाई कुलो निर्माण | सिद्ध कुमाख ४ सल्यान | २० लाख |
| ७ | पाँचदुने सिचाई कुलो निर्माण | सिद्ध कुमाख ४ सल्यान | १० लाख |
| ८ | सिस्ने बिरौटा सिचाई कुलो निर्माण | सिद्ध कुमाख ५ सल्यान | ३० लाख |
| ९ | ज्यामिरे कृषि भवन निर्माण | सिद्ध कुमाख १ सल्यान | ३० लाख |
| १० | बाटुले सिचाई कुलो निर्माण | सिद्ध कुमाख २ सल्यान | २० लाख |

## प्रस्ताव नं ४ खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय सल्यानसँग योजना माग सम्बन्धमा ।

**निर्णय नं ४:**

यस सिद्ध कुमाख गाउँपालिकामा आव २०८१/८२ मा कर्णाली प्रदेश सरकार खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय सल्यानबाट कार्यान्वयन हुने गरी देहाय बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

| सि न | योजनाको नाम | ठेगाना | अनुमानित लागत |
|---|---|---|---|
| १ | गुइदे जिउला छापडाँडा खानेपानी आयोजना | सिद्ध कुमाख ५ सल्यान | ३ करोड |

## प्रस्ताव नं ५ विद्यालयको फर्निचर उपलब्ध गराउने सम्वन्धमा।

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका तपशिलका सामुदायिक विद्यालयमा नयाँ भवन निर्माण भएको र भवनमा विद्यार्थीहरु वस्नको लागि फर्निचरको अभाव भएको भनि विद्यालयबाट माग भई आएको हुदाँ गाउँपालिकाको संसोधन हुन बाँकी बाट देहायको रकम विनियोजन गरि फर्निचर खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

तपशिलः

| सि न | विद्यालयको नाम | आवश्यक फर्निचर संख्या | बजेट |
|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिद्ध कुमाख ५ सल्यान | ४० सेट | |
| २ | हिमालय आधारभूत विद्यालय माझखर्क सिद्ध कुमाख ५ सल्यान | १५ सेट | |

**प्रस्ताव नं ६ आर्थिक सहायत सम्वन्धमा।**

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | दिपक बुढाथोकी | सिद्ध कुमाख २ सल्यान | क्यान्सर पिडित भई उपचारत | रु १५ हजार |

**प्रस्ताव नं ७ लिफ्ट सिस्टम खानेपानी संचालन सम्वन्धमा।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिका वडा नं १ उपल्लो बाँझकाडामा निर्माण भएको बाँझकाडा लिफ्ट सिस्टम आयोजनाको मोटर बिग्रीएकोले खानेपानी लामो समय देखि संचालनमा अवरुद्ध भएको हुदाँ उक्त खानेपानी योजनामा मोटर खरिद जडान तथा मर्मतका लागि संसोधन हुन बाँकी शिर्षकबाट विनियोजन ४ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ८ गापा शिक्षक अनुदान कोटा थप सम्वन्धमा।**

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकाको गुणस्तरिय शैक्षिक ब्यवस्थापन गर्न सामुदायिक विद्यालयहरुलाई पनि अग्रेजी माध्याममा पठनपाठन गराउन प्रोत्साहन गर्ने र अग्रेजी माध्याममा पठनपाठन गराउने विद्यालयहरुलाई प्रोत्साहन स्वरुप थप जनशक्ति उपलब्ध गराउने निर्णय गरियो । साथै यस वर्ष तपसिलका विद्यालयहरु द्बारा अग्रेजी माध्याममा पठनपाठन गराउने प्रस्ताव पेश भएकोले देहायका थप शिक्षक अनुदान कोटा स्वीकृत गरि विज्ञापन गर्ने निर्णय गरियो ।

| **विद्यालयको नाम** | **शिक्षक संख्या** |
|---|---|
| श्री निराजन मावि ढोरचौर | आधारभुत तह (१-५)- २ जना |
| श्री महेन्द्र आदर्श मावि बाँझकाडा | आधारभुत तह (१-५)- १ र मावि तह (९-१०) नेपाली- १ जना |

**प्रस्ताव नं ९ बजेट रकमान्तर सम्वन्धमा।**

**निर्णय नं ९:**

सिद्ध कुमाख गाउँपालिकाको आव २०८०।८१ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार हाल सम्मको खर्च र आवश्यकताका आधारमा देहायको बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

| कटाउनु पर्ने योजना | रकम | थप्नु पर्ने योजना | रकम |
|---|---|---|---|
| विद्यार्थी पठन सीप क्षमाता पहिचान कार्यक्रम | ४०००० | राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता व्यवस्थापन | ८५००० |
| पालिका स्तरिय हाजिरी जवाफ प्रतियोगिता | ४५००० | | |
| स्थानीय पाठ्यपुस्तक छपाइ तथा कार्यशाला संचालन | १२५००० | क्रिकेट खेल सहभागिता खर्च | १५०००० |
| विद्यालय सुपेरीवक्षण अनुगमन तथा पेशागत सहयोग | २५००० | | |

**प्रस्ताव नं १० कार्यविधि स्वीकृत सम्वन्धमा।**

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिकाको **खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी संस्थागत संरचना व्यवस्थापन तथा परिचालन कार्यविधि, २०८१** सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ११ गाउँपालिका अध्यक्षको बैदेशिक भ्रमण स्वीकृत सम्वन्धमा।**

**निर्णय नं ११:**

Korea Academic Society of Digital Convergence ( KASDC) को तर्फबाट सिद्ध कुमाख गाउँपालिका अध्यक्ष श्री भरत गिरी ज्युलाई Empowering future cities Smart Solution for sustainable development वर्क सपमा सहभागिताका लागि 17 may 2024 देखि 19 may 2024 सम्मको बैदेशिक भ्रमणमा आमन्त्रण गरिएको हुदा निजलाई सो अवधीका लागी कर्णाली प्रदेश स्थानीय तहका पादाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ बमोजिम सुविधा पाउने गरी बैदेशिक भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।